कार्यपालिका बैठक सङ्ख्याः १५(पन्ध्रौं)

अध्यक्षताः ठान बहादुर रोकाया

मितिः २०८२/७/१९

समयः बिहान ११ बजे

स्थानः सर्केगाड गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

| क्र. सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठान बहादुर रोकाया | अध्यक्ष | |
| २ | देबकी तिमल्सिना(रोकाया) | उपाध्यक्ष | |
| ३ | बल बहादुर कार्की | वडा नं. १ अध्यक्ष | |
| ४ | सिद्ध कार्की | वडा नं. २ अध्यक्ष | |
| ५ | अकिल बहादुर कार्की | वडा नं. ३ अध्यक्ष | |
| ६ | धनबहादुर छत्याल | वडा नं. ४ अध्यक्ष | |
| ७ | दल बहादुर सिंह | वडा नं. ५ अध्यक्ष | |
| ८ | पदम बहादुर शाही | वडा न.. ६ अध्यक्ष | |
| ९ | बल बहादुर खत्री | वडा नं. ७ अध्यक्ष | |
| १० | रंगमल रोकाया | वडा नं. ८ अध्यक्ष | |
| ११ | आइती ऐडी | कार्यपालिका सदस्य ६ | |
| १२ | बासु कामी | कार्यपालिका सदस्य २ | |
| १३ | याङ्गी थापा | कार्यपालिका सदस्य ३ | |
| १४ | सुपारी शाही | कार्यपालिका सदस्य ५ | |
| १५ | ज्ञानसिंह विक | कार्यपालिका सदस्य ७ | |
| १६ | रतिवाने वि. क. | कार्यपालिका सदस्य ७ | |
| १७ | कृष्ण केशर आचार्य | सदस्य सचिव | |

**कार्यपालिका बैठक प्रस्तावहरु:**

१. मुण्डी देखि नागडासम्म सडक स्तरोन्नती सम्बन्धमा

२. थुम्चा देखि रुघेती हुँदै दुधे दहसम्म सडक स्तरोन्नती योजना सञ्चालन सम्बन्धमा

३. लेकबरी भवानी गुम्बा शिर्षकको रकम भूक्तानी सम्बन्धमा ।

४. विविध सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत सर्केगाड गाउँपालिका वडा नं. ४ मा मुण्डीदेखि नागडासम्म सडक स्रतोन्नती सर्केगाड गाउँपालिका वडा नं. ४ हुम्ला शिर्षकमा रु ४०००००० बजेट विनियोजन भएको योजनाको कार्यस्थलमा यसअघि मुख्यमन्त्री कार्यक्रम तथा अन्य कार्यक्रममार्फत करिब २/३ मि. चौडाइको घो. बा. रहेको भएता पनि सडक नभएको, साथै उक्त स्थानमा कामदार(मानिस) बाट सडक निर्माण गर्न असम्भव जस्तो रहेको तथापि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना/आयोजनाहरुमा ठुला मेसीनरी औजार प्रयोग गर्न नमिल्ने व्यवस्था भए तापनि जटिल भौगोलिक परिवेशमा सडक निर्माण कार्य कामदारबाट उपलब्धीमूलक पनि नदेखिने तर बजेट खर्च हुने अवस्था भएको हुँदा यस क्षेत्रको वस्तुस्थितिलाइ मध्यनजर गर्दै मेसीन प्रयोग गरी सडक निर्माण गर्न अनुमति दिने तर समय अभावका कारण ठेक्कामार्फत सञ्चालन गर्न नसकिने भएको हुँदा उपभोक्ता समितिमार्फत मेसीन प्रयोग गरी नया सडक निर्माण गर्न सम्झौता प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत सर्केगाड गाउँपालिका वडा नं. ८ मा थुम्चा देखि रुघेती हुँदै दुधे दहसम्म सडक स्तरोन्नती योजना

ठान बहादुर रोकाया
अध्यक्ष

सर्केगाड गाउँपालिका वडा नं. ८ हुम्ला शिर्षकमा रु ५०००००० बजेट विनियोजन भएको योजनाको कार्यस्थलमा यसअघि मुख्यमन्त्री कार्यक्रम तथा अन्य कार्यक्रममार्फत करिब २ मि. चौडाइको घो. बा. रहेको भएता पनि सडक नभएको, साथै उक्त स्थानमा कामदार(मानिस) बाट सडक निर्माण गर्न असम्भव जस्तो रहेको तथापि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना/आयोजनाहरुमा ठुला मेसीनरी औजार प्रयोग गर्न नमिल्ने व्यवस्था भए तापनि जटिल भौगोलिक परिवेशमा सडक निर्माण कार्य कामदारबाट उपलब्धीमूलक पनि नदेखिने तर बजेट खर्च हुने अवस्था भएको हुँदा यस क्षेत्रको वस्तुस्थितिलाइ मध्यनजर गर्दै मेसीन प्रयोग गरी सडक निर्माण गर्न अनुमति दिने तर समय अभावका कारण ठेक्कामार्फत सञ्चालन गर्न नसकिने भएको हुँदा उपभोक्ता समितिमार्फत मेसीन प्रयोग गरी नया सडक निर्माण गर्न सम्झौता प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको आ.व. ०८१/८२ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं ६ मा सञ्चालित लेखबरी भवानी गुम्बा निर्माण योजना सुत्रमा प्रविष्टि रहेको तर स्थानीय भाषा संस्कृति परम्परामा गुम्बा र मन्दिर एकै भएको कारण लेखबरी भवानी मन्दिर निर्माण गरेको हुँदा गुम्बा र मन्दिर एकै भएको कारणले उक्त लेखबरी भवानी मन्दिरको भुक्तानी लेखबरी भवानी गुम्बा शिर्षकबाट गर्न सिफारिस गर्ने निर्णय गरियो ।

टेक बहादुर रोकाया
अध्यक्ष

कृष्ण केशर आचार्य
प्रमुख प्रशासकीय अधिकृत